# ११ येशूका चेलाहरु र व्यवस्था अर्थात दश आज्ञा

*<u>यस अध्यायका मूल पदहरू:</u>* रोमी ३:३१, रोमी ६:१५, प्रेरित १०:९-१४, यूहन्ना १५:१-११, याकूब २:१-२६, हिब्रू ३:७-१९, यहूदा ५:७।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"त्यसैकारण परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू पवित्र तथा चोखो छ। परमेश्वरको ती आज्ञाहरू पवित्र मात्र होइन, ठीक र असल पनि छन्“" (रोमी ७:१२ रूपान्तरित)।**

**परमेश्वरको दश आज्ञाहरू अर्थात् इसाई जीवनलाई व्यवस्थित ढँगमा परिचालन गर्ने व्यवस्थाको समर्थनमा बाइबलमा धेरै प्रमाणहरू भएतापनि कतिपय इसाई धुरन्धर विद्वानहरूले पनि त्यसको खिलाफमा वकालत गरेको पाइन्छ। किन त?** कतिपय इसाईहरू नयाँ करारका केही यस्ता पदहरू लिन्छन् जसलाई पढेर मानव जीवनमा दश आज्ञा वा व्यवस्थाको भूमिकाको बारेमा नकारात्मक र गलत आलोचात्मक सोचमा फस्दछन्। तिनीहरूले दश आज्ञा वा व्यवस्था आफैमा के दोषपूर्ण छ भनेर केलाउँछन्। त्यसले गर्दा नयाँ करारको मुनी वा येशूको मृत्यु र पुनरुत्थान पछि दश आज्ञाको औचित्य समाप्त भयो भनेर तिनीहरूले दावी गर्दछन्।

कतिपय इसाई वा इसाई सम्प्रदाय अर्थात् डिनोमिनेशनहरूले हप्ताको सातौं दिन शबाथ पालन गर्न आवश्यक छैन भनेर जोडतोडका साथ सिकाउँछन्। तिनीहरूको दावीलाई पुष्टि गर्न सारा आज्ञाहरू येशूसँगै क्रुसमा टाँगिसकेको छ भनेर सिकाउँदछन्।

फेरि अर्को थरिका इसाईहरू छन् जसले यो सिकाउँदछन् कि दश आज्ञामा नौवटा आज्ञाहरू अझै वैध छन् र इसाईहरूले तिनीहरूलाई पालन गर्नुपर्छ तर चौथो सातौं दिनको शबाथको आज्ञाचाहिँ पालन गर्नु आवश्यक छैन किनभने त्यो पवित्र दिनलाई आइतबारमा सारिसकेको छ। येशूको पुनरुत्थानको सम्झनामा आइतबारलाई मान्नु पर्छ भनेर इमान्दारी र पक्का इसाईहरूले पनि विश्वास गर्दछन्।

परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाको मामिलामा लिएर माथिका धारणाहरूलाई मानिसले स्वीकार गरियो भने धेरै समस्याहरू धरातलमा आउँदछन्। येशूसँग सँगै हिँडेका र उहाँका शिक्षादिक्षा पाएका चेलाहरू र पावलले व्यवस्था वा दश आज्ञाप्रति कस्तो मनोभाव व्यक्त गरेका थिए भनेर यस अध्यायमा हामी छलफल गर्नेछौं। यदि ख्रीष्टको मृत्युपछि दश आज्ञाको औचित्य समाप्त भयो वा निकम्मा भयो भने ती चेलाहरूले अनुमोदन गर्नु पर्थ्यो किनभने त्यसको परिवर्तनको बारेमा तिनीहरूलाई स्पष्ट ज्ञान हुने थियो।

## १. पावल र व्यवस्था अर्थात् दश आज्ञा (गलाती ३:२४,२५)

इसाई धर्मको सच्चा र पक्का संस्थापक पावल हुन् भनेर कतिपयले दाबी गर्दछन्। त्यो दाबी एकदम गलत छ। निःसन्देह पावलले इसाई विद्यालाई बुझाउन अत्यन्त कसरत गरेको पाइन्छ। नयाँ करारमा जम्मा २७वटा पुस्तकहरू छन्। त्यसमा १३वटा त पावलले लेखेका थिए। तर उनले समावेश गरेका विभिन्न इसाई विद्या वा दर्शनहरू बाइबलका अन्य पुस्तकहरूमा पनि पाइन्छ। इसाई प्रखर विद्वान भनाउँदाहरूले नै व्यवस्था वा दश आज्ञा र अनुग्रहको बारेमा गलत वाख्या गरेको हुनाले पावलले नयाँ धर्मको स्थापना गरेका थिए भनेर कतिपयले दाबी पनि गर्दछन्।

व्यवस्था **वा दश आज्ञा हटाइयो भनेर सजिलैसँग थाहा पाउन सक्छ भनेर देहायका पदहरूले कसरी आभास् दिन सक्छ? हेर्नुहोस्: रोमी ३:२८,२९ "२८ यसकारण व्यवस्थाका कर्महरूको पालनविना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं। २९ के परमेश्वर केवल यहूदीहरूकै मात्र परमेश्वर हुनुहुन्छ र? के उहाँ अन्यजातिहरूका परमेश्वर हुनुहुन्न र?", रोमी ६:१४ "१४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।",रोमी ७:४ "४ यसरी मेरा भाइ हो, तिमीहरू पनि ख्रीष्टको शरीरद्वारा व्यवस्थाको लेखि मरेका छौ, ताकि तिमीहरू अर्को मानिस, अर्थात् मृत्युबाट जीवित हुनुभएका ख्रीष्टसँग एक होओ, र हामी परमेश्वरको निम्ति फल फलाऔं।" र गलाती ३:२४,२५ "२४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्। २५ परमेश्वरले ख्रीष्टलाई**

उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ। यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। २६ परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो।"

यदि पावलले लेखेका अरू लेखहरू पाठकहरूले पढेन र केवल माथिका अंशहरूलाई मात्र छुटाएर पढेभने निश्चयनै इसाईहरूको निम्ति व्यवस्था अर्थात् दश आज्ञा पालन गर्नुपर्ने औचित्य छैन भनेर देखाउन सक्छ। तर तिनी पदहरू पावलले लेखेका अन्य लेखहरूका केवल अंशमात्र हुन। पावलले के भन्न खोजेका छन् भनेर राम्ररी बुझ्न समस्ती रूपमा उनले लेखेका अरू लेखहरू पनि अध्ययन गर्न जरुरत छ।

रोमी ३:३१, रोमी ६:१५, रोमी ७:७-१२ र गलाती ३:२१लाई विशेष ध्यान दिएर कुन् परिवेशमा ती पदहरू लेखेका हुन् भनेर थाहा पाउन ती पदहरूको वरिपरिका अंश वा अध्यायहरू पूरै अध्ययन गर्नुहोस्। यस प्रकार अध्ययन गर्दा व्यवस्थाको बारेमा पावलले के औंल्याउन खोजेका हुन् सो बुझाउन कसरी सहायता गर्दछ सो सोच्नुहोस्।

येशूलाई विश्वासद्वारा ग्रहण गर्दा हामी दोषमुक्ति हुन्छौं वा पाप नगरेको ठहरिन्छौं भन्ने आत्मज्ञान कतिपयले बुझ्न सकेका छैनन्। इसाईहरू अब व्यवस्थाको मुनी छैन भनेर पावलले दाबी गरेको उदाहरण हेरौं। फेरि उनले त्यही इसाईहरूले व्यवस्थालाई पालन गर्न जिम्मा लगाइएको छ भनेर पनि भन्दछन्। जो मानिस परमेश्वरसँग सम्बन्ध राखेर धार्मिक वा उचित जीवन जीउने आवश्यकताहरू पूरा गर्दछ त्यस मानिसको निम्ति व्यवस्थाले आभास दिन खोजेको समस्या सुल्झेको हुन्छ। परमेश्वरले चाहनुभएको धार्मिकता वा उचित जीवन कसरी नाप्ने त भन्दा व्यवस्थाको गरिमामयलाई आत्मसात गर्नुपर्छ। जब मानिसहरूले परमेश्वरको व्यवस्था वा दश आज्ञाको दायरामा बस्दैनन् तब ती मानिसहरू पतित भएको प्रमाणित हुन्छ। व्यवस्थाले गर भन्दा नगर्ने र

नगर भन्दा गर्ने प्रवृत्तिले तिनीहरूको निम्ति व्यवस्था दोष देखाउने साधन हुन जान्छ। (यदि दश आज्ञा नै छैन भने पापको परिभाषा कसरी थाहा पाउने र मानिस पापी छ र उसलाई उद्धारकर्ताको आवश्यकता छ भनेर कसरी औंल्याउने?-अनुवादकको जिज्ञासा)। तर इसाईहरूले पाउने अनन्त जीवनको आशा र अनन्त जीवन अहिले नै पाइरहेको अनुभूति पाउन चाहिने शक्ति दश आज्ञामा होइन बरू येशू ख्रीष्टमा हो। येशूले सिद्ध र पक्का रूपमा दश आज्ञाहरू पालन गर्नुभएको थियो। परमेश्वरको अलौकिक शक्तिले उहाँको धार्मिकता विश्वासीहरूलाई येशूद्वारा वितरण गर्नुहुन्छ (रोमी ८:३,४)। दश आज्ञा वा उहाँको व्यवस्था नमान्दा पाइने सजायँ वा श्रापलाई येशूले हटाउनु भएकोले अब हामीले विवेकलाई स्वतन्त्र बनाएर परमेश्वरको त्यस व्यवस्थालाई हृदयदेखि स्वागत गरेर सेवा गर्न चाहन्छौं किनभने हामी परमेश्वरको विधिको शासनमा रहन चाहन्छौं (रोमी ७:२५-८-२)। ख्रीष्टबाट पाउने अनुग्रहले हामीलाई दश आज्ञालाई निकम्मा तुल्याउँदैन बरू हृदयदेखि त्यस आज्ञालाई पालन गर्ने चाहनालाई क्रियाशील बनाउँछ। (मूर्ति र बादशाहहरूलाई नढोग्दा हजारौं इसाईहरू रोमी साम्राज्यमा शहिद भएका थिए। यदि दश आज्ञामा मूर्तिलाई नढोग र म बाहेक अरू कसैलाई परमेश्वर नमान्नु भन्ने आदेश नभएको भए ती इसाईहरू किन शहिद हुन पर्‍यो त? साथै जीउँदै सिहँको मुखमा पर्न र घोर यातना सहन शक्ति तिनीहरूलाई कहाँबाट प्राप्त भयो यदि येशूको शक्ति तिनीहरूमा नभएको भए?-अनुवादकका प्रश्नहरू)।

## २. व्यवस्था वा दश आज्ञाको मामिलामा पत्रुस (१ पत्रुस २:९)

येशूका घनिष्ठ चेलाहरूमा पत्रुस पनि एक थिए। चेला हुन प्रथम् नियुक्तिमा पत्रुस पनि परेका थिए। त्यसले गर्दा येशूको विभिन्न महत्त्वपूर्ण सेवाकार्यहरूमा उनको सहभागिता थियो। सिजरा फिलिप्पी भन्ने ठाउँमा येशू नै मसीह हुन् भनेर पत्रुसले घोषणा गरेका थिए। येशूलाई समातेर मुद्दा लगाएको बेलामा उनको पछिपछि पत्रुस पनि केफासको घरमा पुगेका थिए। जब बौरि उठ्नुभएपछि बिहानै चेलाहरूकहाँ समुद्रको छेऊमा देखा पर्नुभयो त्यसबेला उहाँले पत्रुसलाई विशेष आदेश दिनुभएको थियो। जब पेन्टिकोस्टको दिनमा विश्वासीहरू भेला भएका थिए त्यसबेला तिनीहरूको मूल प्रवक्ता पत्रुस नै थिए। यदि दश आज्ञाको बारेमा केही परिवर्तन भएको भए पत्रुसलाई थाहा हुनेथियो।

शुद्ध र अशुद्ध खानाको बारेमा यहूदी व्यवस्था वा बाइबलमा दिएका निर्देशनलाई पत्रुसले येशू स्वर्गमा गइसक्नुभएपछि पनि पालन गरेका थिए भनेर प्रेरित १०:९-१४ले कसरी बताउँछ हेर्नुहोस्। यदि खानाको बारेमा पत्रुसले होशियारी अपनाए भने दश आज्ञाको निरन्तर आधिकारिकतालाई के उनले लत्याए त? (प्रेरित १०:९-१४ "९ भोलिपल्ट तिनीहरू आफ्नो यात्रामा त्यस सहरको नजिक आइपुग्दा, दिउँसो बाह्र बजेतिर पत्रुसचाहिँ प्रार्थना गर्न घरको कौसीमा उक्ले। १० तिनी भोकाए, र तिनले केही खाने मन गरे, तर अरूहरूले भोजन तयार गरिरहेको बेला तिनी ध्यान-मग्न भए। ११ तिनले स्वर्ग उघ्रेको र त्यहाँबाट चारै कुनामा बाँधिएको तन्नाजस्तो केही पृथ्वीतिर झरिरहेको देखे। १२ त्यस तन्नामा पृथ्वीका सबै किसिमका चारखुट्टे जनावर र घस्रने प्राणी र आकाशका चराचुरुङ्गीहरू थिए। १३ तब तिनले एउटा आवाज सुने, "ए पत्रुस उठ, र मारेर खाऊ।" १४ तर पत्रुसले भने, "होइन प्रभु, किनभने मैले कहिल्यै केही अपवित्र वा अशुद्ध थोक खाएको छैनँ।"

येशू स्वर्ग जानुभएको धेरै वर्षपछि पत्रुसलाई उक्त खानाको दर्शन देखाएको थियो। चेलाहरूको प्रचारले गर्दा हजारौं यहूदीहरू येशूलाई मसीह भनेर स्वीकार गरेका थिए। यहूदी इसाईहरू व्यवस्थालाई पालन गर्नु अस्वीकार गरे भन्ने अलिकति आभास पनि बाइबलमा उल्लेख गरेको छैन। सुरूका इसाईहरूमा यहूदी जराप्रति निष्ठावान थिए भनेर प्रेरित १० अध्याय ज्वलन्त उदाहरणको रूपमा खडा भएको पाइन्छ।

१ पत्रुस २:९सँग प्रस्थान १९:६ पढ्नुहोस्। प्रस्थान १९ अध्याय पूरै पढेर पद ६को प्रसङ्गको अर्थ पनि बुझ्न कोशिस गर्न खोज्नुहोस्।

१ पत्रुस २:९ “९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।"

प्रस्थान १९ “१ इस्राएलीहरू मिश्रबाट निक्लेका तीन महिना भएपछि त्यही दिनमा तिनीहरू सीनैको उजाड़-स्थानमा आइपुगे। २ जब तिनीहरू रपीदीमबाट हिड़ेर सीनैको उजाड़-स्थानमा आए, त्यही पर्वतकै

सामुन्ने इस्राएलीहरूले छाउनी बनाए। ३ तब मोशा परमेश्वरकहाँ गए र
परमप्रभुले तिनलाई पर्वतबाट भन्नुभयो, "याकूबका घराना र
इस्राएलीहरूलाई तिमीले यसो भन्नू: ४ "मैले मिश्रीहरूलाई के गरें, र
तिमीहरूलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो
तिमीहरूले देखेका छौ। ५ अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै
सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरूमध्ये तिमीहरूचाहिँ
मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि ६ तिमीहरू
मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ"।
इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" ७ अनि मोशा तल
आए, र मानिसहरूका धर्म-गुरुहरूलाई बोलाउन पठाए, र परमप्रभुले
तिनलाई बोल्नू भनी आज्ञा गर्नुभएका यी सबै कुराहरू तिनीहरूका सामु
राखिदिए। ८ सारा मानिसहरूले एकसाथ यसो भने, "परमप्रभुले
भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं।" तब मोशाले मानिसहरूको
जवाफ परमप्रभुलाई सुनाइदिए। ९ परमप्रभुले मोशालाई भन्नुभयो, "हेर्,
म तिमीसित कुरा गर्दा मानिसहरूले सुनून् र तिमीलाई सधैं विश्वास पनि
गरून् भनेर म तिमीकहाँ बाक्लो बादलमा आउनेछु।" तब मोशाले
मानिसहरूले भनेका कुरा परमप्रभुलाई सुनाए।१० अनि परमप्रभुले
मोशालाई भन्नुभयो, "मानिसहरूकहाँ गएर तिनीहरूलाई आज र भोलि
शुद्ध गर्। तिनीहरूले आफ्नाआफ्ना लुगा धोऊन्, ११ र तेस्रो दिनको
निम्ति तिनीहरू तयार रहून्, किनकि तेस्रो दिन सीनै पर्वतमा सबै
मानिसहरूका आँखाकै सामुन्ने परमप्रभु आउनुहुनेछ। १२ तिमीले चाहिँ
मानिसहरूका निम्ति चारैतिर यसो भनेर बार लगाउनू, "होशियार बस,
तिमीहरू पर्वतमाथि नजानू, र त्यसका सिमाना पनि नछुनू। जसले पर्वत
छुन्छ त्यो निश्चय नै मारिनेछ। १३ कसैले पनि त्यसलाई नछुनू, तर
ढुङ्गाले वा काँड़ले हानेर त्यसलाई मार्नू। पशु होस् अथवा मानिस, त्यो
जीवित रहनेछैन"। तुरही लामो गरी बज्दा तिनीहरू पर्वतसम्म आऊन्।"
१४ मोशा पर्वतबाट तल मानिसहरूकहाँ उत्रेर आएपछि, तिनले
मानिसहरूलाई शुद्ध गरे, र तिनीहरूले आफ्ना-आफ्ना लुगा धोए। १५
तब तिनले मानिसहरूलाई भने, "तेस्रो दिनको निम्ति तयार होओ।
यौनक्रिया नगर।" १६ तेस्रो दिन जब बिहान भयो तब पर्वतमा
गड़्याङगुडुरुङ भयो र बिजुली चम्क्यो र बाक्लो बादल पर्वतमा उठ्यो र

तुरहीको अति चर्को आवाज सुनियो। छाउनीमा भएका सबै जनहरू थरथर कामे। १७ तब मोशाले मानिसहरूलाई छाउनीबाट परमेश्वरसँग भेट गर्न ल्याए। तिनीहरूचाहिँ पर्वतको फेदीमा खड़ा भए। १८ परमप्रभु आगोमा ओर्लेर त्यहाँ आउनुभएको कारणले सीनै पर्वत बिलकुलै धूवैंधूवाँले भरियो। पर्वतबाट धूवाँ भट्टीबाट झैं निस्क्यो र सारा पर्वत जोरसित काँप्न लाग्यो, १९ र तुरहीको आवाज अझ चर्को गरी बज्न लाग्यो। तब मोशा बोल्न लागे, र परमेश्वरले मेघ गर्जनमा तिनलाई जवाफ दिनुभयो। २० अनि परमप्रभु सीनै पर्वतको टाकुरामा ओर्लेर आउनुभयो, र परमप्रभुले मोशालाई पर्वतको टाकुरामा बोलाउनुभयो, र मोशा माथि उक्लेर गए। २१ तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल गएर मानिसहरूलाई सावधान गर, नत्रता तिनीहरू परमप्रभुलाई हेर्न बार नाघेर माथि आउलान् र तिनीहरूमध्ये धेरै नष्ट होलान्। २२ परमप्रभुको नजिक आउन पूजाहारीले पनि आफैलाई शुद्ध गरून्, नत्रता परमप्रभुले तिनीहरूलाई तत्कालै नाश गर्नुहुनेछ।" २३ मोशाले परमप्रभुलाई भने, "मानिसहरू सीनै पर्वतमा उक्लेर आउन सक्दैनन्, किनकि तपाईंले हामीलाई "पर्वतको वरिपरि बार लगाएर पवित्र भनी अलग गर, " भनी आज्ञा दिनुभएको थियो।" २४ अनि परमप्रभुले तिनलाई भन्नुभयो, "जा, तिमी आफै तल जाऊ, र हारूनको साथमा माथि उक्लेर आऊ। तर पूजाहारीहरू र मानिसहरूचाहिँ परमप्रभुकहाँ बार नाघेर उक्ली नआऊन्, नत्रता उहाँले तिनीहरूलाई तत्कालै नाश गर्नुहुनेछ।" २५ यसैले मोशा तल मानिसहरूकहाँ ओर्लेर गए, र तिनीहरूलाई यी कुरा बताइदिए।

पत्रुसले सुन्नेहरूलाई “तिनीहरू राजकिय पुजारी खान्दान र पवित्र राष्ट्र" भनेर सम्बोधन गरे तब तिनीहरूको दिमाग सिनैको पहाडमा मोशाले पाएका व्यवस्थाको बारेमा सम्झनु स्वभाविकै थियो। परमेश्वरको व्यवस्थामा स्पष्टसँग उल्लेख गरेका करारका आवश्यकताहरू पूरा गर्न इस्राएलीहरूबाट अपेक्षा गरिएको थियो। त्यसकारण ती मानिसहरूलाई तिनीहरूको उत्तरदायित्वलाई स्मरण गराउँदै तिनीहरू धर्मपरायण जीवन बिताउन पत्रुसले आह्वान गरेका थिए (२ पत्रुस २:११,१२)। दश आज्ञा वा परमेश्वरको व्यवस्थाको आदर्शमा हिंड्न आवश्यक छैन भनेर सिकाउने झुठा र नकाबधारी धर्मगुरूहरूबाट सचेत रहन पनि पत्रुसले सतर्क गराएका थिए (२ पत्रुस ३:२)।

पत्रुसले दर्शन देख्नुभन्दा अघि उसको मनस्थिति कस्तो थियो र त्यस दर्शन पाएर त्यसको अर्थ बुझेपछि कस्तो परिवर्तन आयो सो सोच्नुहोस्। पत्रुसलाई परमेश्वरको अनुग्रह प्राप्त भएकोले नै अरू मानिसहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन भएको थियो। हामीमा पनि त्यही खालको अरूलाई दिन र प्राप्त गर्न कसरी सिक्ने?

## ३. यूहन्ना र व्यवस्था अर्थात् दश आज्ञा (यूहन्ना १५:१-११)

नयाँ करारमा सब भन्दा धेरै पुस्तक लेख्नेहरूमा पावल पछि यूहन्ना थिए। उनले यूहन्नाको सुसमाचार, तिन पत्रहरू (१ यूहन्ना, २ यूहन्ना र ३ यूहन्ना) र प्रकाशको पुस्तक लेखेका थिए। पत्रुस जस्तै यूहन्ना पनि अरू चेलाहरूमा येशूका प्रथम् चेला थिए जुन् उहाँले चुन्नु भएको थियो। येशूसँग यूहन्नाको विशेष घनिष्ठ सम्बन्ध थियो। यसले गर्दा यूहन्नालाई येशूको प्रिय चेला भनेर प्राय जसो सम्बोधन गरिन्थ्यो। यूहन्नाले लेखेका पुस्तकको अन्तमा उनले जे लेखे त्यसले येशूको बारेमा धेरै व्यक्तिगत कुराहरू उनलाई थाहा थियो भनेर थाहा दिन्छ। यदि दश आज्ञा वा व्यवस्थाको बारेमा येशूले वेवास्ता गर्न चाहनुभएको भए उहाँको नजिकको चेला यूहन्नाले बाहेक अरू कसलाई थाहा हुनेथियो होला?

परमेश्वरका आदेश वा दश आज्ञाहरूसँग हामीहरूको सम्बन्ध कस्तो हुनुपर्छ भनेर यूहन्ना १५:१-११ र १ यूहन्ना २:१-११ले कसरी खुलस्त बनाएको छ? हेर्नुहोस्: यूहन्ना १५:१-११ “१ साँचो दाखको बोट म हुँ, र मेरा पिता किसान हुनुहुन्छ। २ ममा हुने प्रत्येक हाँगा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाँट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढ़ी फल फलोस् भनी उहाँले छिँवल्नुहुन्छ। ३ मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ। ४ ममा रहो, र म तिमीहरूमा रहन्छु। जसरी हाँगा दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ। ५ "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ। ६ कोही मानिस ममा रहेन भने, त्यो हाँगाझैं बाहिर मिल्काइन्छ, र त्यो सुकिहाल्छ। यस्ता हाँगाहरू मानिसहरूले बटुल्छन्, र आगोमा फालिदिन्छन्, र ती जलिहाल्छन्। ७ तिमीहरू ममा रह्यौ भने, र मेरा

कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ। ८ तिमीहरूले धेरै फल फलाएर मेरा चेला हौ भन्ने प्रमाणित गर्‍यौ भने यसैमा मेरा पिताको महिमा हुनेछ। ९ पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो। १० यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु। ११ मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस्।" र १ यूहन्ना २:१-११ "१ मेरा साना बालकहरू, तिमीहरू पाप नगर भनी म यी कुरा तिमीहरूलाई लेखिरहेछु। तर कुनै मानिसले पाप गर्‍यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट। २ उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि। ३ यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। ४ जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। ५ तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं। ६ उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ। ७ प्रिय हो, म तिमीहरूलाई कुनै नयाँ आज्ञा होइन, तर त्यही पुरानो आज्ञा लेखिरहेछु, जो सुरुदेखि तिमीहरूसँग थियो। यो पुरानो आज्ञा तिमीहरूले सुनेकै वचन हो। ८ तापनि एउटा नयाँ आज्ञा म तिमीहरूलाई लेख्दैछु, जो उहाँमा र तिमीहरूमा साँचो छ, किनभने अन्धकार बितिरहेछ, र साँचो ज्योति अघिदेखि नै चम्किरहेछ। ९ जसले आफू ज्योतिमा छु भनी भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझै पनि अन्धकारमा नै छ। १० जसले आफ्नो भाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ, र त्यसमा ठक्करको कारण हुँदैन। ११ तर जसले आफ्नो भाइलाई घृणा गर्छ, त्यो अन्धकारमा हुन्छ, र अँध्यारोमा हिँड्छ, र त्यो कहाँ गइरहेछ, सो थाहा पाउँदैन, किनभने अन्धकारले त्यसलाई अन्धो पारेको हुन्छ।"

आफ्नो संसारको जीवनको अन्त्यमा येशूले आफ्ना चेलाहरूलाई यो भन्न सक्नुभएको थियो कि उहाँ उहाँको पिताका आज्ञाहरूप्रति कर्तव्यनिष्ठ भएर बस्नुभएको थियो। परम पिता परमेश्वरको आदेश अनुसार उहाँ चल्न सफल हुनुभएकोले नै उहाँ उहाँको पिताको प्रेममा रहेको दावी गर्नुभएको थियो (यूहन्ना १५:१०)। परमेश्वरका दश आज्ञाहरूलाई पन्छ्याउन आवश्यक छ भन्ने आभास येशूले दिनुभएको छैन। बरू उहाँसँग प्रेमिलो सम्बन्ध राख्न र अरूसँग सदव्यवहार तथा प्रेमिलो सम्बन्ध राख्न ती आज्ञाहरू आचारसहिंताको रूपमा दिएको नीतिनिर्देशन हुन् भनेर सोच्नुभएको थियो। जब कोही इसाई हुँ भनेर दाबी गर्दछ परमेश्वरप्रति उसको उत्तरदायित्व के हो त भनेर बुझाउने क्रममा प्रयोग गरेका लवजहरूमा यूहन्नाले त्यही प्रेम र एकताको भाषा प्रयोग गरेका थिए जुन् युहन्नको सुसमाचारमा येशूले प्रयोग गर्नुभएको थियो। अझ बेजोडका साथ भन्ने हो भने व्यवस्था अर्थात् दश आज्ञाको सबभन्दा महत्त्वपूर्ण पक्ष नै प्रेम हो भनेर यूहन्नाले जिकिर गरेको पाउँछौं (उदाहरणमा २ यूहन्ना ६)। परमेश्वर र अरू मानिसहरूसँग प्रेममाभाव सम्बन्ध भएन भने कुनै इसाई हुँ भनेर दाबी गर्नेले परमेश्वरको व्यवस्था वा दश आज्ञालाई पालन गरेको छु भन्ने अधिकार छैन।

"जसरी हामीले हामी आफैंलाई प्रेम गर्दछौं त्यसरी नै हामीहरूका मित्रहरूलाई पनि प्रेम गर्नुपर्छ भन्ने माग परमेश्वरको व्यवस्थाको हो। त्यसकारण हामीमा भएको हरेक बल र हाम्रो मगजले भ्याएसम्म गरेका प्रत्येक क्रियाकलाप अति उत्तम कामको निम्ति प्रयोग गर्नुपर्छ। मानिसले पाएको राजकिय वरदानलाई हातमा राखेर त्यसको अपरिहार्यताको बारेमा अरूलाई जोरदारपूर्वक भन्दा परमेश्वर कतिको खुशी हुनुहुन्थ्यो होला? परमेश्वरका ती दश आज्ञा मानिस र परमेश्वरको बीचमा सम्बन्ध राख्ने माध्यम हुन्। त्यसलाई आत्मसात गर्नेले ख्रीष्टको जोश र स्वर्गमा के असल छ सो देखाउनु पर्दछ। विश्वमा प्रचार गरिने अत्यन्त महान् प्रवचनहरू भन्दा पवित्र तर नम्र तथा सोझो मानिसको जीवन अत्यन्त प्रभावकारी हुन्छ। नरम र नम्र भएर पवित्र तथा चोखो जीवन बिताउने व्यक्तिले परमेश्वरको निम्ति बोल्दछ र आफ्नो धर्म र कर्तव्यको बारेमा कुनै पनि उच्चारण गरिने सिपालु शब्दहरू भन्दा उसको जीवन जोसिलो

र प्रभावकारी हुन्छन्।"-एलेन जी ह्वाइट, मान्युस्क्रिप्ट रिलिजेज, ठेली २०, पृ. १३८बाट रूपान्तरित।

व्यवस्था वा दश आज्ञा वा परमेश्वरको विधिको शासनमा रहन चाहने अनुभव र प्रेमको बीचमा के मिलोमत्तो भएको तपाईंले पाउनु भएको छ? तपाईको जीवनको प्रत्येक पाइला पाइलामा परमेश्वरको व्यवस्थालाई आत्मसात गरेर प्रेम झल्काउनु कसरी झल्काइरहनुभएको छ?

## ४. याकूब र दश आज्ञा (याकूब २:७-९)

येशूको चेला याकूबले लेखेका केवल एउटामात्र पुस्तक छ। बाइबलमा याकूब भनेर सम्बोधन गरिनेहरू धेरै छन्। याकूबको पुस्तकमा लेखकले कुनचाहिँ याकूब हुन् भनेर खुलाएको छैन। तर याकूबको पुस्तकको लेखक येशूको भाई याकूब नै हुन् भनेर धेरैले स्वीकारेका छन्। सुरूमा याकूबले येशू मसीह नै हुन् भन्ने कुरामा शङ्का गरेको थिए (यूहन्ना ७:५)। तर पछि गएर याकूब नयाँ करारको एक महत्त्वपूर्ण अगुवा भएको देखाइएको छ (प्रेरित १५:१३, गलाती १:१९)। यदि दश आज्ञालाई निलम्बन गर्ने योजना आफ्नो वा आफू पछि येशूको भएको भए उहाँको आफ्नै भाईले निश्चय थाहा हुनुपर्ने हो।

याकूब २:१-२६ पढ्नुहोस्। उक्त अध्यायको आधारभूत सन्देश के हो सो बुझ्न खोज्नुहोस्। दश आज्ञालाई पद ७-९मा संझेसमा उल्लेख गरेको लगत्तै सबै आज्ञाहरूलाई पालन गर्नुपर्नेको बारेमा चर्चा किन उनले गरे? परमेश्वरको व्यवस्था र प्रेमको बीचमा कस्तो घनिष्ठ सम्बन्ध छ भनेर उपरोक्त पदहरूले कसरी स्पष्ट पारेको छ? हेर्नुहोस्:

"१ मेरा भाइ हो, प्रभु येशू ख्रीष्ट, महिमाका प्रभुमाथि तिमीहरूको विश्वास भएको हुनाले तिमीहरूले कुनै भेदभाव नदेखाओ। २ यदि कोही मानिस सुनका औंठीहरू र राम्रा-राम्रा लुगा लगाएर तिमीहरूको सभामा आयो, र कुनै एक जना गरीब पनि झुत्रे-झाम्रे लुगा लगाएर आयो भने, ३ तिमीहरूले त्यो राम्रो लुगा लाउनेलाई आदर गरेर, "यहाँ राम्रो ठाउँमा बस्नुहोस्" भन्छौ, र त्यस गरीबलाई चाहिँ "तँ त्यहीं उभि" अथवा "मेरा पाउनेर बस्" भन्छौ भने, ४ के तिमीहरूले आफ्नै बीचमा भेदभाव देखाएनौ, र कुविचार भएका न्यायकर्ता भएनौ र? ५ मेरा प्रियहरू, सुन, के परमेश्वरले संसारका गरीबहरूलाई विश्वासमा धनी तुल्याएर त्यस

राज्यका उत्तराधिकारी हुनलाई चुन्नुभएन र? यहि राज्य उहाँलाई प्रेम गर्नेहरूलाई उहाँले दिने प्रतिज्ञा गर्नुभएको होइन र?६ तर तिमीहरूले त गरीब मानिसको अपमान गरेका छौ। के धनीहरूले तिमीहरूलाई अत्याचार गर्दैनन् र? के तिनीहरूले तिमीहरूलाई अदालतमा लाँदैनन् र?
७ के तिनीहरूले त्यही आदरणीय नाउँको अपवाद गर्दैनन् र, जुन नाउँद्वारा तिमीहरूलाई बोलावट भएको छ? ८ यदि "आफ्ना छिमेकीलाई आफूलाई झैं प्रेम गर" भन्ने पवित्र-धर्मशास्त्रको राजकीय व्यवस्थालाई साँच्चै पूरा गर्दछौ भनेता असलै गर्दछौ। ९ यदि तिमीहरूले भेदभाव देखायौ भनेता तिमीहरू पाप गर्दछौ, र व्यवस्थाद्वारा अपराधी ठहरिन्छौ।
१० किनकि जसले सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटै कुरामा चुक्छ भने, व्यवस्थाका सबै कुरामा त्यो दोषी ठहरिएको हुन्छ। ११ किनकि जसले "व्यभिचार नगर्" भन्नुभयो, उहाँले "हत्या नगर्" पनि भन्नुभयो। तसर्थ यदि तिमीले व्यभिचार गर्दैनौ तर हत्या गर्दछौ भने, तिमी व्यवस्थाका अपराधी भएका छौ। १२ यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस्।
१३ किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ। कृपा न्यायमाथि विजयी हुन्छ। १४ मेरा भाइ हो, यदि कोही मानिसले "मसित विश्वास छ" भन्छ, तर कामचाहिँ गर्दैन भने, यसबाट के लाभ? के त्यसको विश्वासले त्यसलाई बचाउन सक्छ र?१५ यदि कोही भाइ वा बहिनी झुत्रे-झाम्रे छ, र त्यसलाई दिनहुँको भोजनको अपुग छ, १६ र तिमीहरूमध्ये कसैले त्यसलाई, "शान्तिसँग जाऊ, न्यानो गरी बस, पेटभरि खाऊ" मात्र भन्छ, तर त्यसको शरीरलाई चाहिने कुराहरूचाहिँ दिँदैन भने, त्यसबाट के लाभ हुन्छ र? १७ यसरी विश्वास पनि काममा प्रकट हुँदैन भने त्यो विश्वास मृत हो। १८ तर कसैले भन्ला, "तिमीसित विश्वास छ, मेराचाहिँ कामहरू छन्।" कामविनाको तिम्रो विश्वास मलाई देखाऊ, र मैले गरेको कामद्वारा म आफ्नो विश्वास तिमीलाई देखाउनेछु। १९ तिमीहरू विश्वास गर्दछौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थरथर काम्छन्। २० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र?

२२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन। २५ त्यसै गरी राहाब वेश्याले पनि, जब तिनले गुप्तचरहरूलाई सत्कार गरेर अर्कै बाटो पठाइदिइन्, तब कामहरूबाट तिनी धर्मी ठहरिएकी होइनन् र? २६ जसरी शरीर आत्मादेखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरूदेखि अलग हुँदा मरेको हुन्छ।"

कतिपय इसाई हुँ भनेर दाबी गर्नेहरूले नै पावलले व्यक्त गरेका व्यवस्था वा दश आज्ञाको बारेमा गलत वाख्या गर्दछन्। दश आज्ञाको मामिलामा पावल र याकूब एक आपसमा सहमत छैन भनेर ती इसाईहरूले सिकाउँदछन्। मुक्ति पाउने कुरामा कामको भूमिका के छ भनेर पावल र याकूबले व्यक्त गरेका अभिव्यक्तिहरूलाई तिनीहरूले औँल्याउँछन्। कामबिना अनुग्रहले हामी मुक्ति पाउँछौं भनेर पावलले स्पष्ट गरेका छन् भनेर तिनीहरूले भन्दछन् (एफिसी २:८,९)। काम बिनाको आस्था वा विश्वास मुर्दा हो (याकूब २:२६)भनेर याकूबले भनेकोमा पावल र याकूबको विद्या जुधेका छन् भनेर ती इसाईहरूले औँल्याउँछन्। तर यथार्थमा याकूब र पावलले व्यक्त गरेका मनशायहरू भिन्ना भिन्नै छैनन्। पावलले धेरैपटक भनेका थिए कि अनुग्रहले परमेश्वरको व्यवस्थालाई खारेज गरेको छैन। त्यही कुरालाई याकूबले जोडसाथ समर्थन गरि कडा शब्दहरू प्रयोग गरेका मात्र हुन्। पावलले रोमी १३:९मा व्यक्त गरेकै अनुसार याकूबले पनि याकूब २:८मा परमेश्वरको व्यवस्था प्रेम हो भनेर स्पष्ट रूपमा बुझेको देखिन्छ। अरूलाई माया प्रेम नदेखाउनेले परमेश्वरका आज्ञाहरूलाई पालन गरेको छु भनेर सच्चाईका साथ दाबी गर्न सक्दैनन् न त गर्ने अधिकार नै छ।

## ५. यहूदा र दश आज्ञा (यहूदा ४)

नयाँ करारमा भएका सबभन्दा साना पुस्तकहरूमा यहूदाको पुस्तक पनि एउटा हो। यो पुस्तक येशूको अर्को भाईले लेखेका हुन् भनेर धेरैको धारणा छ। आफूलाई येशू ख्रीष्टको दास भनेर यस

पुस्तकको लेखक यहूदाले सम्बोधन गर्दछन्। तर आफू याकूबका भाई हुन् भनेर स्वीकारचाहिँ गरेका छन्। येशूका चार जना भाईहरूमा मत्तीले याकूब र यहूदाका नामहरू उल्लेख गरेकाले त्यस सानो पुस्तकको लेखक येशूका भाई यहूदा नै हुन् भनेर प्रायजसो बाइबलका विद्वानहरूले मानेका छन्। बाइबलका अरू लेखकहरूले जस्तै दश आज्ञा वा व्यवस्थालाई निलम्बन गर्नुभएको नीति यदि येशूले लिनुभएको भए यहूदालाई पनि थाहा हुनेथियो।

हुन त यहूदाले व्यवस्था वा दश आज्ञाहरूलाई अक्षरस उल्लेख नगरेतापनि उनको पूरा पत्रले परमेश्वरप्रति कसरी निष्ठावान हुनुपर्छ र उहाँको व्यवस्थालाई उलङ्घन गर्नेको नतिजा के हुन्छ भनेर खुलस्त गरेका छन्।

यस अध्यायमा छलफल गरेको पूरा विषयवस्तुसँग यहूदा कसरी मिल्न गएको छ पढ्नुहोस्। त्यसमा विशेष गरेर यहूदा ४लाई नजिकै नियाल्नुहोस्ः "१ येशू ख्रीष्टको दास, याकूबको भाइ यहूदाबाट- बोलाइएकाहरू, अर्थात् परमेश्वर पितामा प्रियहरू र येशूको निम्ति ख्रीष्टमा सुरक्षित राखिएकाहरूलाईः २ कृपा, शान्ति र प्रेम तिमीहरूमा प्रशस्त हुँदैजाओस्। ३ प्रिय हो, हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने। ४ किनकि धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका कोही-कोही मानिसहरू गुप्त रूपले तिमीहरूका माझमा पसिसकेका छन्। यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गर्छन्। ५ तिमीहरूले यी सब कुरा एक पल्ट जानेकै थियौ, तापनि अहिले म तिमीहरूलाई याद दिलाउन चाहन्छु, कि मिश्रदेशबाट बचाएर ल्याइएका मानिसहरूमध्ये विश्वास नगर्नेहरूलाई परमप्रभुले पछिबाट नष्ट पार्नुभयो। ६ आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ, ७ जसरी सदोम र गमोरा र तिनका आसपासका सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरू अनन्त

अग्निको दण्ड भोगेर उदाहरण बनेका छन्। ८ त्यसै गरी सपना देख्ने
यी मानिसहरूले आफ्ना शरीरलाई अशुद्ध तुल्याउँछन्, अधिकार इन्कार
गर्छन् र स्वर्गीय प्राणीहरूको निन्दा गर्छन्। ९ तर प्रधान दूत मिखाएलले
पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई
निन्दापूर्ण दोष लाउन साहस नगरी "प्रभुले तँलाई हप्काऊन्" भनेथे। १०
तर आफूले नबुझेका कुराहरूको यिनीहरू ठट्टा गर्छन्, र निर्बुद्धि पशुहरूले
झैं प्राकृतिक ज्ञानले जान्ने कुराहरूद्वारा नै यिनीहरूको विनाश हुन्छ।
११ तिनीहरूलाई धिक्कार छ! किनकि तिनीहरू कयिनको चालमा
हिँड्छन्, लाभको खातिर बालामको भूलमा फस्दछन् र कोरहको विद्रोहमा
जस्तै नष्ट हुन्छन्। १२ तिमीहरूका प्रीतिभोजमा यिनीहरू कलङ्क हुन्।
किनकि यिनीहरू आफ्नै मात्र ख्याल राखी धन्दै नमानी बेसरी खान्छन् र
पिउँछन्। तिनीहरू बतासले उड़ाइलैजाने पानीविनाको बादलसरह छन्,
हिउँदका फलहीन वृक्षजस्ता, जो दुई पल्ट मरिसकेका र जरैसमेत
उखेलिएका हुन्छन्। १३ तिनीहरू समुद्रका उर्लदा छालहरूजस्तै हुन्,
जसले तिनीहरूका आफ्नै निर्लज्जताको फींज उकेल्छन्। यी बत्तिएका
दिशाहीन ताराहरूजस्ता छन्, जसका निम्ति पातालको अन्धकार अनन्तको
लागि राखिएको छ। १४ आदमदेखि सातौं पुस्ताका हनोकले पनि यी
मानिसहरूका विषयमा यस्तो अगमवाणी बोलेका थिए, "हेर, परमप्रभु
आफ्ना असंख्य पवित्र जनहरूसँग आउनुभयो, १५ सबैको इन्साफ गर्न,
सबै मानिसहरूलाई दण्ड दिन, जसले अधार्मिक रीतिले भक्तिहीन कार्यहरू
गरेका छन्, र ती भक्तिहीन मानिसहरूलाई दण्ड दिन जसले उहाँको
विरुद्धमा कठोर कुरा बोलेका छन्।" १६ फतफताउनेहरू, असन्तोषीहरू,
आफ्ना कुइच्छाअनुसार हिँड्नेहरू, घमण्डी कुरा बोल्नेहरू र लाभको
निम्ति मानिसहरूको चापलूसी गर्नेहरू यी नै हुन्। १७ तर प्रिय हो,
तिमीहरूले चाहिँ हाम्रा प्रभु येशू ख्रीष्टका प्रेरितहरूले अघिबाटै भनेका
कुराहरू सम्झ। १८ तिनीहरूले भनेका थिए, "आखिरी समयमा आफ्नै
भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरू हुनेछन्।" १९ फूट
हाल्नेहरू, सांसारिक मानिसहरू र पवित्र आत्मा नभएका मानिसहरू यिनै
हुन्। २० तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा
दृढ़ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। २१ आफैलाई परमेश्वरको
प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा

गर। २२ दोधारमा हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर। २४ अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।

यदि अनुग्रहको बारेमा हामी छलफल गर्छौं भने त्यसमा व्यवस्था वा दश आज्ञा पनि समावेश भएको हुनैपर्छ। यदि विधिको शासन वा दश आज्ञाको आचारसंहिता छैन भने पाप वा दुष्टता छ भन्ने धारणाको औचित्य पनि छैन (रोमी ५:१८-६:१५)। तर त्यसबेला नकावधारी इसाई वा धर्मगुरूहरूले यस्ता आत्मज्ञानहरू सिकाइरहेका थिए कि तिनीहरूले प्रभु येशू आफैलाई अस्वीकार गरेको ठहर्छ भनेर यहूदाले जिकिर गर्दछन्।

यहुदा ५-७मा व्यक्त गरेका कथनहरूलाई वाख्या गर्न हिब्रू ३:७-१९ले कसरी सहायता गर्दछन् र दुवै अंशहरूले विश्वास र आज्ञापालनको बीचमा के घनिष्ट सम्बन्ध छ भनेर खुलाएका छन्? हेर्नुहोस् हिब्रू ३:७-१९ " ७ त्यसो हुँदा पवित्र आत्माले भन्नुभएझैं: "आज तिमीहरूले परमेश्वरका आवाज सुन्यौ भने ८ तिमीहरूका पुर्खाले परमेश्वरको विरोध गरेर मन कठोर भएजस्तो नहोओ। तिनीहरूले मरुभूमिमा परमेश्वरको जाँच गरेर उहाँको विरोध गरे। ९ त्यहाँ तिमीहरूका पुर्खाले चालीस वर्षसम्म मैले गरेको काम देखेर पनि पत्याएनन् र मलाई जाँचे। १० त्यसैले ती मानिसहरूसँग मलाई रिस उठ्यो र मैले भनें, "यी मानिसहरू कति धेरै अविश्वासी छन्। तिनीहरू मेरो बाटोमा हिंड्नै मानेनन्। ११ यसैकारण मैले रिसमा शपथ खाएर भनें, "तिनीहरू मैले विश्राम दिने ठाउँमा कहिल्यै पस्न पाउनेछैनन्।" १२ दाजुभाइहरू, होश राख। तिमीहरूमा कोही पनि विश्वास नगर्ने पापी हृदयको भएर जिउँदा परमेश्वरलाई नछोडोस्। १३ तर धर्मशास्त्रमा "आज" भनेको समय रहुञ्जेल प्रत्येक दिन एक-अर्कालाई हौसला देओ। नत्रता पापको छलछामले हृदय नै कठोर पारिदिन्छ। १४ हाम्रो सुरुको भरोसामा हामी आखिरिसम्म दिगो रह्यौं भने हामी ख्रीष्टसँग साझे हकदार

हुनेछौं। १५ धर्मशास्त्रले भन्दछ, "आज तिमीहरूले परमेश्वरको आवाज सुन्यौ भने तिमीहरूका पुर्खाले परमेश्वरको विरोध गरेर मन कठोर भएजस्तो नहोओ।" १६ कसले परमेश्वरको कुरा सुनेर उहाँको विरोध गऱ्यो? मोशाले मिश्रदेशबाट निकालेर ल्याएका मानिसहरूले नै होइन र? १७ कोसँग चालीस वर्षसम्म परमेश्वर रिसाउनुभयो? मरुभूमिमा सोत्तर पारिएका तिनै पाप गर्नेहरूसँग नै हो। १८ "तिनीहरू मैले दिने विश्रामको ठाउँमा पस्न पाउनेछैनन्, "भनी परमेश्वरले शपथ खानुभएको थियो। के उहाँले यो कुरा ती अट्टेरी मानिसहरूकै बारेमा भन्नुभएको होइन र? १९ यसैले हामी देख्तछौ, विश्वास नगरेको कारण तिनीहरू विश्रामको ठाउँमा पस्न पाएनन्।"

यहूदाले पनि आफ्नै शैलीमा पाठकहरूलाई मिश्र देश अर्थात् इजिप्टमा दासत्व जीवन बिताइरहेकोबाट छुटकारा पाइएका इस्राएलीहरूको अनुभव याद दिलाउँदछन्। परमेश्वरले आफ्नो पराक्रम तिनीहरूलाई देखाउनुभएको थियो। उहाँले तिनीहरूलाई व्यवस्था वा विधिको शासन दिनुभएको थियो। तर जब तिनीहरू परमेश्वरको निष्ठामा रहन चाहेन तब तिनीहरू उहाँबाट अलग भए। त्यसको फलस्वरुप तिनीहरूले नराम्रो परिणाम भोग्नु परेको थियो। बाइबलको अरू भागहरू जस्तै यहूदाको पुस्तक पनि स्पष्ट छ। सबै जना जो परमेश्वरमा विश्वास छ भनेर दाबी गर्दछन् तिनीहरूले त्यो दाबीलाई बफादारी अर्थात् आज्ञाकारी जीवन बिताएर देखाउन चाहनु पर्दछ।

**यहूदाको पुस्तक फेरि पढ्नुहोस्। त्यहाँ धेरै कडा चेतावनीहरू छन् तैपनि तपाईंको निम्ति त्यहाँ प्रतिज्ञाहरू के भेट्टाउनुभएको छ?**

**उपसंहारः**

**एलेन जी ह्वाइटद्वारा लिखित साइनस अभ द टाइम्स, अगस्ट ५, १९८६को लेख "द ल इन द क्रिस्चियन एज" अरू जानकारीको निम्ति पढ्नुहोस्।**

"परमेश्वरतिर फर्क,पश्चाताप गर" भनेर येशूका चेलाहरूले मानिसहरूलाई किन आह्वान गरे त? किनभने पापीहरूले परमेश्वरसँगको सुमधुर सम्बन्धलाई बिगारिदिएको थियो। पापीले परमेश्वरको व्यवस्थालाई भङ्ग गरेको थियो। आफूले गरेको पापलाई उसले महशूस

गर्नै पर्छ। अनि फेरि पाप नगर्न कतिवद्ध प्रकट गर्नै पर्छ। काम के हो त? सबै पापहरूलाई पखाल्ने काम गर्न रगत बहाउने येशूलाई हेर्नुपर्छ। ख्रीष्टमा आस्था तथा विश्वास राख्नै पर्छ किनभने ख्रीष्टलाई नहेरी केवल व्यवस्था वा दश आज्ञालाई अक्षरस पालन गरेर मात्र मानिसले मोक्ष पाउँदैन। व्यवस्था वा दश आज्ञाको दायरामा नबसी त्यसको मर्मलाई तोडेको कारण मानिस पापी वा दोषी ठहर्छ। तर व्यवस्थाले त्यसलाई तोड्ने मानिसको पापलाई क्षमा दिन सक्दैन। ख्रीष्टको रगतले के गर्न सक्छ त्यसमा पापीले भरोसा राख्नै पर्छ। दयाको सागर येशूले भन्नुहुन्छ "उसले (पापीले) मेरो बललाई पकडि राखोस्। अनि उसले मसँग शान्ति सम्झौता गर्न सक्छ र मसँग शान्तिपूर्वक जीउन सक्छ।" जसको धेरै पापलाई क्षमा गरियो त्यसलाई धेरै माया गर्नुहुनेछ भनेर हाम्रो प्रभुले घोषणा गर्नुभएको थियो। यस्तो खालको मानिसले अभयदान वा क्षमाको खाँचो भएको अनुभव गर्दछ। आफू को हो भनेर उसले थाहा पाउनेछ। परमेश्वरको गरिमामय पवित्र दश आज्ञा वा व्यवस्थालाई तोडेको कारण आफ्नो जीवनमा पापको दागै दाग भएको देख्नेछ। जसले परमेश्वरको व्यवस्थालाई खेलाँची नगरी गम्भिरपूर्वक लिन्छ त्यसले आफ्ना पापहरू कस्ता घिनलाग्दा रहेछन् भनेर स्पष्ट रूपमा देख्ने छ। अनि आफूलाई येशूले कतिको धेरै क्षमा दिनुभएको रहेछ भनेर सच्चाइका साथ देख्न सक्छ।"-एलेन जी ह्वाइट, साइनस् अभ टाइम्स, अगस्ट ५: १८८६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. **यस पुस्तकमा छलफल गरिएको बाइबलको खास विषयलाई माथिको एलेन जी ह्वाइटको उद्‌गारले कसरी बुझाउन खोजिएको छ? "ख्रीष्टको रगतले के गर्छ त्यसमा पापीले भरोसा राख्नुपर्छ।" भन्ने भनाइको अर्थ के हो?**

आ. **यहूदा ४ पदमा लेखिएको चेतावनीलाई गहिरो गरेर सोच्नुहोस्। यदि मानिसहरूले परमेश्वरको अनुग्रहलाई प्रचार गरिरहेका छन् भने तिनीहरू सचमूच रूपमा विश्वासीहरू हुन्। तर तिनीहरूले परमेश्वरलाई**

त्यागीरहेका छन् भनेर पनि यहूदाले भन्दछन्। परमेश्वरको अनुग्रहले उहाँको दश आज्ञा वा व्यवस्थालाई निलम्बन गरियो भनेर दावी गरेर सिकाउने इसाईहरू कतिको गलत रहेछ भनेर त्यसले कसरी देखाउँछ? जब परमेश्वरको व्यवस्थाको खाँचो छैन र येशूले क्रुसमा त्यसलाई टाँगिदिनुभयो वा निलम्बन गर्नुभयो भन्ने मनस्थिति बोक्ने मानिसले यथार्थमा उसले के भनिरहेको छ? यदि व्यवस्थालाई खारेज गरियो भने साँच्चिकै कस्लाई खारेज गरियो त?

इ. परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूमा केवल एक विन्दुमात्र यताउती गरियो भने त्यस मानिसले त्यस दश आज्ञालाई समाप्त गर्न खोज्ने शैतानको चालबाजीमा आफूलाई कसरी सुम्पिन खोजेको देखाउँछ?